# रिलायन्स फाइनान्स लिमिटेडको
# चौधौं वार्षिक साधारण सभा बस्ने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/३०**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०५/११**

शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०८१/०४/२९ गते बसेको संचालक समितिका ३३३ औं बैठकको निर्णयानुसार यस रिलायन्स फाइनान्स लि. को चौधौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति समय र स्थानः**

**मिति : २०८१ साल भाद्र महिना २० गते, विहिवार (तदनुसार 5th September, 2024)**

**स्थान : अनुपम फुड ल्याण्ड एण्ड व्याक्वेट प्रा.लि., बत्तीसपुतली, गौशाला, काठमाण्डौ ।**

**समय : दिनको ११:०० बजे ।**

**क) सामान्य प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७९/०८० को चौधौं वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०७९/८० आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।

३. यस संस्थाको लेखापरीक्षण समितिको सिफारिश बमोजिम साविकका लेखापरिक्षक सुन्दर एण्ड कम्पनी लाई आगामी आर्थिक वर्ष आ.ब. २०८०/८१ का लागि कम्पनी ऐन २०६३ को दफा ११३ र कम्पनी निर्देशीका २०७२ को दफा ६० बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट लेखापरिक्षकमा नियुक्त गरेकोलाई अनुमोदन गर्ने ।

४. विविध ।

**(ख) विशेष प्रस्तावहरु**

१. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ५ को वित्तीय संस्थाको उद्धेश्य प्राप्त गरिने कामहरुमा Private Equity Venture Capital (PEVC) (भेन्चर क्यापिटल) तथा सामूहिक लगानी कोषको संस्थापक शेयरमा लगानी गर्ने, बुक विल्डिङ्ग, समेतको कार्य गर्ने व्यबस्था थप गरि संस्थाको प्रबन्धपत्र संसोधन गर्न प्रस्ताब गरेका छौ ।

२. यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति वा विलय गर्न, DDA गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. प्रबन्धपत्र नियमावली संशोधनमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन, थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभा प्रयोजनार्थ २०८१/०५/०७ गते एक दिन यस संस्थाको शेयरधनी दर्ता किताब बन्द रहने जानकारी गराउँदछौ । साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०५/०६ सम्म कारोबार भई सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भई यस संस्थाको शेयर रजिष्ट्रार लक्ष्मी सन्राईज क्यापिटल लि., कमलपोखरी काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन सक्नेछन् ।

२. साधारण सभाको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुले आ.ब. २०७९/०८० को वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन संस्थाको केन्द्रिय कार्यालय वा शेयर रजिष्ट्रार लक्ष्मी सन्राईज क्यापिटल लि. कमलपोखरीबाट प्राप्त गर्न सक्नु हुनेछ । साथै उक्त प्रतिवेदन कम्पनीको वेवसाईट www.reliancenepal.com.np मा हेर्न वा डाउनलोड गर्न सक्नुहुनेछ ।

३. सम्पूर्ण शेयरधनी महानुभावहरुले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम सभा शुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालय कमलादीमा भौतिक वा ईमेल मार्फत दर्ता गराई सक्नु पर्नेछ । प्रतिनीधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ ।

५. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा कम्तीमा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनुपर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा आफनो नाममा रहेको सम्पूर्ण शेयरको प्रोक्सी एक व्यक्तिलाई मात्र तोक्न सक्ने छ । एक प्रतिनिधि फाराममा एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिएमा त्यस्तो नियुक्ति बदर हुनेछ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) फाराम मार्फत एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता प्रदान गरिने छ । प्रतिनिधि नियुक्त गरी सकेपछि शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेको अवस्थामा निजले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

७. नाबालक वा फरक क्षमता भएका शेयरधनीको तर्फबाट संस्थाको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले मात्र सभामा भाग लिन मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् ।

८. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा संचालक समिति तथा संचालक समितिबाट आदेश पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९. अन्य जानकारीको लागि रिलायन्स फाइनान्स लिमिटेडको केन्द्रीय कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।

**RELIANCE FINANCE LIMITED**

**रिलायन्स फाइनान्स लिमिटेड**

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**Head Office:** Reliance Bhawan,Kamaladi, Kathmandu

Tel: +977–1–5361104, 5323117, 5361041, 5361167

Email: info@reliancenepal.com.np, Web: www.reliancenepal.com.np

**वित्तीय सेवाको अर्को परिभाषा**